मिति : २०८०/९/ २९ गते (आईतबार) स्थान : पोखरा म.न.पा.को सभाकक्ष

बैठक संख्या : २५ समय : बिहान : ८ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक पोखरा पोखरा महानगरपालिका कार्यालयको सभाकक्षमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री श्याम कृष्ण थापा | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बाँनिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमांरी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| ४५ | कार्यपालिका सचिवालय | | | |
| ४६ | | प्रशासन महाशाखा प्रमुख | श्री कृष्ण प्रसाद तिवारी | |
| ४७ | | सूचना प्रविधि अधिकृत | श्री अशोक द्वारे | |

पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

## २०८०/०९/२९ को २५ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १ :** पोखरा महानगरपालिकाको नगर कार्यपालिका बैठक नं. २४ बाट भएका निर्णयहरु कार्यान्वयन स्थिति सम्बन्धमा छलफल भयो ।

**निर्णय नं. २ :** पोखरा महानगरपालिकाको विधायन समितिबाट सिफारिस भै आएका तपशिल बमोजिमका विधेयक तथा कार्यविधिहरु छलफल पछि सर्वसम्मतिले स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय भयो ।

तपशिल

क. भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०८० । कार्यविधि अनुसूची -१ मा संलग्न छ ।
ख. आर्थिक ऐन, २०८० (पहिलो संशोधन) । संशोधन विधेयक अनुसूची -२ मा संलग्न छ ।
ग. वाल अधिकार सम्बन्धी ऐन, २०७४ को (तेस्रो संशोधन) । संशोधन विधेयक अनुसूची -३ मा संलग्न छ ।

**निर्णय नं. ३ :** चालु आयोजनाहरुमा रकम थप / बहुवर्षिय आयोजनामा समावेश / रकमान्तर तथा शिर्षकान्तर / संशोधनका लागि अनुसूची-४ बमोजिम पेश भएका आयोजनाहरुमा बजेट सम्बन्धी व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने र सो सम्बन्धी विवरण स्वीकृतिका लागि नगरसभामा सिफारिश गरी पठाउने ।

**निर्णय नं. ४ :** पोखरा महानगरपालिका वडा नं. ८ मा निर्माण भएको नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको रक्तसञ्चार भवनको माथिल्लो तलाको उत्तर पश्चिम पट्टिको टपको केही भाग सडक मापदण्डभित्र परेको प्राविधिक नापजाँचबाट देखिएकोमा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको पत्रबाट मापदण्ड नपुगेको ठाउँमा महानगरबाट भत्काउन आदेश भएको अवस्थामा भत्काउने शर्तमा भवन निर्माण सम्पन्न प्रमाणपत्र माग भएको र रेडक्रस तथा रक्तसञ्चार केन्द्र जनहितकारी गैर नाफामूलक सामाजिक संस्था रहेकोले महानगरपालिकाबाट भत्काउन निर्देशन भएको र आवश्यक भएको अवस्थामा भत्काउने गरी शर्तसहित सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने ।

**निर्णय नं. ५ :** पोखरा महानगरपालिकाभित्र एम्बुलेन्स सञ्चालन गर्न एम्बुलेन्स चालक र अन्य आवश्यक जनशक्ति व्यवस्थापनका लागि एम्बुलेन्स सञ्चालन कार्यविधि निर्माण गर्न शहरी योजना आयोगलाई जिम्मेवारी दिने र एम्बुलेन्स सञ्चालन र व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाउने ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६ :** पोखरा महानगरपालिका वडा नं. १५ आसपासको क्षेत्रमा नेपाल खानेपानी संस्थानले ट्यूववेल निर्माण गर्न आवश्यक भएको भनी १ (एक) रोपनी जग्गा माग गरेको हुँदा सो को लागि आवश्यक जग्गा खोजी वडा समितिको निर्णयबाट जग्गा सिफारिश गरी पठाउन १५ नं.वडा कार्यालयमा लेखी पठाउने ।

**निर्णय नं. ७ :** "घ" वर्गको निर्माण व्यवसायी प्रमाणपत्रको नवीकरण प्रत्येक वर्षको असोज मसान्तभित्र नवीकरण दस्तुर लिई नवीकरण गर्ने, सो समयभित्र नवीकरण नगरेमा चैत्र मसान्तसम्म दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिने र सो म्याद भित्र नवीकरण नभएमा स्वत: खारेज हुने व्यवस्था रहेको छ । महानगरपालिकाबाट "घ" वर्गको ईजाजत लिएका तर २०७९ साल चैत्र मसान्तभित्र नवीकरण नभएका निर्माण व्यवसायीहरुको हकमा एक पटकको लागि निवेदन दस्तुर रु.१०००/- २०७९/८० को नवीकरण दस्तुर र थप दस्तुर गरी रु. १४०००/-र नयाँ दर्ता शुल्क रु.२५०००/- गरी जम्मा रु.६००००/- लिई ७ दिनको सूचना आव्हान गरी २०८० साल चैत्र मसान्तभित्र सोही ईजाजतपत्र नवीकरण गरिसक्ने व्यवस्था मिलाउने । "घ" वर्गको निर्माण व्यवसायका लागि नयाँ ईजाजत पत्रको माग गरी पेश भएका निवेदनहरुका सम्बन्धमा "घ" वर्गको ईजाजतका लागि प्राप्त निवेदनहरु छानविन एवं जाँचबुझ गरी दर्ताका लागि सिफारिश गर्न गठित समितिबाट सिफारिश भई आएका तपसिल बमोजिमका फर्म/कम्पनीहरुलाई "घ" वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धी कार्यविधि. २०७५ को अनुसूची -५ बमोजिमका कागजातहरुका आधारमा **"घ"** वर्गको निर्माण व्यवसायी ईजाजतपत्र जारी गर्ने ।

<u>तपसिल</u>

क. गणेश एण्ड सन्स कन्स्ट्रक्शन, पोखरा-६
ख. एडमायर कन्स्ट्रक्शन प्रा.लि., पोखरा-३०
ग. कश्यप डेभलपर्स प्रा.लि., पोखरा-१४

**निर्णय नं. ८ :** पोखरा महानगरपालिकाको शहरी योजना आयोगबाट दोस्रो आवधिक योजना तर्जुमाको लागि सिफारिश भई आएको कार्यतालिका स्वीकृत गर्ने र आयोगबाट गठन भएका समितिहरु एवं आवधिक योजना तर्जुमाको सम्बन्धमा आयोगबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

**निर्णय नं. ९ :** पोखरा महानगरपालिकाको ३३ नं. वडा कार्यालय भवन निर्माणको लागि चालु आ.व.मा विनियोजन भएको रकमबाटै DPR को लागि पेश भएको लागत अनुमान बमोजिमको रकम रु. १२०००००/- व्यवस्था गरी DPR कार्य अघि बढाउने । बहुवर्षिय आयोजनामा समावेश गरी वडा कार्यालय भवन निर्माणको लागि वोलपत्र आव्हान गर्ने ।

**निर्णय नं. १०** : कर्मचारीहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने -

क. महानगरपालिकामा हालसम्म कार्यरत अस्थायी/करार र सेवा करारका कर्मचारीहरु, शिक्षिका, अर्वान डट्स कार्यक्रम अन्तर्गतका स्वास्थ्य सेवाका कर्मचारीहरु समेतको म्याद २०८० पौष मसान्तमा समाप्त हुने भएकोले २०८० माघ १ गते देखि २०८१ साल असार मसान्तसम्म ६ महिनाको लागि म्याद थप गरी कामकाजमा लगाउने ।

ख. प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम भरी पठाइएका कर्मचारी सिफारिश भई आएपछि अस्थायी/करार र सेवा करारमा रहेका सेवा अवधिको आधारमा सम्बन्धित सेवा तथा पद/तहमा कार्यरत कनिष्ठ कर्मचारीहरुमध्येबाट क्रमश: हटाउँदै जाने व्यवस्था मिलाउने ।

ग. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस कार्यालयबाटै तलब भत्ता लिने गरी कामकाजमा खटिई आएका कर्मचारीहरुका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट कर्मचारी सिफारिश भई आएपछि महानगरको दरबन्दी भन्दा बढी हुन आउने कर्मचारीहरुलाई निजहरुको दरबन्दी रहेको कार्यालयमा फिर्ता पठाउने ।

**निर्णय नं. ११** : साहारा क्लबले पोखरामा विगत लामो समयदेखि वार्षिक रुपमा आहा रारा गोल्डकप फुटबल प्रतियोगिता आयोजना गर्दै आएको र यसले स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय रुपमा फुटबलको विकासमा अर्थपूर्ण महत्व राखेको विषय मनन गरी महानगरपालिका प्रवर्ध्दक/सहप्रवर्ध्दकको भूमिका निर्वाह गर्दै प्रतियोगितामा आर्थिक सहयोग गर्दै आएको र प्रतियोगिताको **२३ औं संस्करण २०८०** देखि प्रतियोगिताको नाम **पोखरा गोल्डकप** नामाकरण गरिएको र क्लबबाट पोखरा महानगरपालिका संरक्षकको भूमिकामा रहन भएको अनुरोध बमोजिम उक्त प्रस्ताव स्वीकार गरी प्रतियोगिताको संरक्षकत्व ग्रहण गर्ने । महानगरपालिका आयोजक/सह आयोजक/प्रवर्ध्दक/सहप्रवर्ध्दक रही सञ्चालन हुने खेलकूद प्रतियोगिता तथा कार्यक्रमहरुमा महानगरबाटै सहयोग उपलब्ध गराईने हुँदा यसप्रकारका प्रतियोगिता वा कार्यक्रमहरुका लागि वडा कार्यलयहरुबाट आर्थिक सहयोग गर्ने कार्य रोक्ने व्यवस्था मिलाउन वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

**निर्णय नं. १२** : आध्यात्म ज्ञान, मानसिक स्वास्थ्य र खेलकूदका माध्यमबाट विश्वशान्तिका लागि योगदान पुर्याउनु भएका अन्तर्राष्ट्रिय रुपमा ख्याति प्राप्त व्यक्तित्व श्री SRI CHINMOY को शालिक पोखरामा स्थापना गर्न सम्बध्द संस्थाबाट उत्सुकता सहित पत्राचार भई आएकोले खेलकूदका माध्यमबाट पर्यटन प्रवर्ध्दनमा सहयोग पुग्ने हुँदा पोखरा महानगरपालिका वडा नं. १८ स्थित शहिद तथा विभूति पार्कमा स्थापना गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. १३** : : नगर कार्यपालिकाको २३औं बैठकको निर्णय नं. ६ बाट पोखरा महानगरपालिकाभित्र जग्गा कित्ताकाट गर्दा एकाघरका अंशियारहरुको अंशवण्डाको हकमा मात्र जग्गा कित्ताकाट गर्दा प्रत्येक कित्तामा कम्तिमा ८० वर्गमिटर क्षेत्रफल कम नहुने गरी कित्तकाट गर्ने व्यवस्था मिलाउने र नगर कार्यपालिकाको २४औं बैठकको निर्णय नं.५ बाट जग्गाको नयाँ कित्ताकाट गर्दा न्युनतम क्षेत्रफल ४ आना (१३०व.मि.) भन्दा कम हुनेगरी काट्न नसकिने व्यवस्था रहेकोमा नेपाल सरकारको मिति २०८०/०४/१२ को राजपत्रमा प्रकाशित सूचना बमोजिम न्युनतम ८० व.मि. सम्म कित्ताकाट गर्न पाईने व्यवस्था भए बमोजिम जग्गा विकास कार्यमा वाहेक जग्गाको क्षेत्रफल ८० व.मि. भन्दा कम नहुने गरी कित्ताकाट गर्ने सिफारिस गर्ने निर्णय भएकोमा यस बैठकबाट

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकारको **भू-उपयोग नियमावली, २०७९ (पहिलो संशोधन २०८०)** को नियम १२ को उपनियम (२क) को खण्ड (क) र उपनियम (४क) को खण्ड (घ) बमोजिम मात्र **सम्बन्धित वडाबाटै** कित्ताकाट गर्न सिफारिश गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. १४ :** महानगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्य सञ्चालन कार्यविधि, २०७९ बमोजिम गठन भएको समितिबाट प्रस्तुत भएको आ.व.०७९/८० को वार्षिक अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं. १५ :** प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत चालु आ.व. २०८०/८१ प्रथम चौमासिक प्रगति प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं. १६ :** नेपाल खानेपानी संस्थान हेम्जा शाखाबाट खानेपानी प्रशोधन केन्द्र निर्माण गर्नका लागि पोखरा महानगरपालिका वडा नं.२५ हेम्जा स्थित ढाँड भन्ने स्थानमा रहको कि.नं. १३०४ को ५ रोपनी जग्गा उपलब्ध गराइदिन अनुरोध भई आएको सम्बन्धमा २५ नं.वडा कार्यालयबाट समितिको निर्णय र स्थानीय सरोकारवालाहरुको सहमति सहित उपलब्ध गराउन सकिने जग्गाको सम्बन्धमा सिफारिश भई आएको । नेपाल खानेपानी संस्थान नाफामूलक संस्था नभई सार्वजनिक हितका लागि स्थापित निकाय भएको र पानी प्रशोधन एवं वितरण कार्य जनहित एवं सार्वजनिक हितसंग प्रत्येक्ष सरोकार राख्ने विषय भएकोले उक्त क्षेत्रमा पानी प्रशोधन केन्द्र स्थापना गर्दा प्रभावित हुन सक्ने सरोकारवाला स्थानीय वासिन्दाबाट बाधा अवरोध नआउने व्यवस्था मिलाइ २५ नं. वडाबाट सिफारिश भई आए बमोजिमको जग्गा खानेपानी प्रशोधन केन्द्र निर्माणका लागि उपयोग गर्न सिफारिश गर्ने ।

**निर्णय नं. १७ :** मिति २०८०/१२/२६ भित्र जनआन्दोलन २०६२/६३ का शहिद भिमसेन दाहालको नयाँ शालिक निर्माण गरी शहिद तथा राष्ट्रिय विभूति पार्कमा स्थापना गर्ने ।

**निर्णय नं. १८ :** पोखरा महानगरपालिका र फेवा सिल्टेशन प्रा.लि.वीच २०७९/०१/०७ मा भएको सम्झौता बमोजिम अँधेरी खोला (खहरे खोला) मा निर्माण भएको Siltation Trap को ५० मिटर खण्डमा मिति २०८०/०४/३० गतेको अविरल वर्षाको कारण खोलमा आएको बाढीबाट क्षति हुन पुगेको हुँदा सम्झौताका बखत पेश भएको Dam को DPR मा Retrofitting गर्ने Design भएको तर Dam मा Retrofitting गरी Dam निर्माण र मर्मत गर्न नमिल्ने अवस्थामा रहेकोले Dam को Design परिवर्तन गर्न फेवा सिल्टेशन प्रा.लि. बाट पेश भएको रु.१२९८३०२८३.०६ को Khahare River Check Dam Revised Design and Estimate नामको संशोधित विस्तृत परियोजना प्रतिवेदन (Revised Detailed Project Report) बमोजिम Design परिवर्तन गर्न स्वीकृति प्रदान गर्ने ।

**निर्णय नं. १९ :** मध्येपहाडी लोकमार्ग सडक आयोजनाबाट पोखरा महानगरपालिका वडा नं १३,१४, २६ र २८ को सिमाना हुँदै बहने विजयपुर खोलाको ग्राभेल निर्माणाधिन मध्येपहाडी लोकमार्गमा प्रयोग गर्ने गरी निकाल्न अनुरोध भएको सम्बन्धमा तपसिल बमोजिम समितिबाट छलफल गरी प्राविधिक प्रतिवेदन सहितको राय सिफारिश पेश गर्न लगाउने ।

## तपसिल

| | | |
|---|---|---|
| क. | वडाध्यक्ष श्री किरण बराल वडा नं.-१३ | -संयोजक |
| ख. | वडाध्यक्ष श्री बोध बहादुर कार्की वडा नं.-१४ | -सदस्य |
| ग. | वडाध्यक्ष श्री नरेन्द्र थापा वडा नं.-२६ | -सदस्य |
| घ. | वडाध्यक्ष श्री श्रीकृष्ण लामिछाने वडा नं.-२८ | -सदस्य |
| ङ | ई.श्री नेत्र तिमिल्सिना महानगरपालिका | -सदस्य सचिव |

**निर्णय नं. २० :** गतवर्ष मिति २०७९ साल माघ १ गतेका दिन काठमाण्डौ-पोखरा उडानमा रहेको यति एअरलाईन्सको विमान पोखरा विमानस्थलमा अवतरण गर्ने क्रममा महानगरपालिकाको वडा नं. ७ र १५ को सिमानामा सेति खोंचमा दुर्घटनाग्रस्त भै जनधनको क्षति हुन गएको दुर्घटनास्थलमा स्मृतिवोर्ड निर्माण गर्ने र उक्त स्थानमा जग्गा व्यवस्थापन गरी पार्क र झोलुङ्गेपुल निर्माण गर्ने कार्यको लागि रु.१००००००(दश लाख रुपियाँ) रकम विनियोजन गर्न सिफारिश गर्ने । पार्क र झोलुङ्गेपुल निर्माण कार्यमा वडा नं. ७ र १५ का वडाध्यक्षले समन्वय र सहजिकरण गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. २१ :** महानगरका व्यस्त सडक चोकहरु, व्यापारिक केन्द्रहरु लगायत सार्वजनिक हितका दृष्टिकोणले अति आवश्यक स्थानहरुमा अपराधजन्य गतिविधिहरुको अनुसन्धानमा सहयोग पुर्याउन र यस प्रकारका गतिविधिहरुमा नियन्त्रण कायम गर्ने ध्येयले शहरका महत्वपूर्ण स्थानहरुमा सिसिटिभी जडान कार्य महानगरबाट हुँदै आएको छ । नेपाल प्रहरीबाट प्रविधि मैत्री प्रहरी सेवा अवधारणा अनुरुप कार्य सञ्चालनार्थ आवश्यक देखिएको स्थानमा सिसिटिभी जडान गरी यसको निगरानी र नियन्त्रण कायम राख्दा अपराध नियन्त्रण कार्य बढी प्रभावकारी हुने भएकोले सिसिटिभी खरिद, व्यवस्थापन र सञ्चालन गर्न जिल्ला प्रहरी कार्यालय कास्कीसंग आवश्यक सम्झौता र समन्वय गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. २२ :** सामूदायिक विद्यालय व्यवस्थापन समिति महासंघ पोखराबाट आफ्नो कार्यालयमा आवश्यक भएको फर्निचर खरिदका लागि बजेट व्यवस्था गरिदिन महानगरमा अनुरोध गरकोले उक्त महासंघलाई अति आवश्यक रहेको फर्निचर (रु.३०००००० बरावरको) महानगरबाटै खरिद गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. २३ :** महानगरपालिकाको लागि अति आवश्यक रहेका तर बजेट व्यवस्था हुन नसकेका तपसिल बमोजिम आयोजनाहरुका सम्बन्धमा कार्यपालिकाको आगामी बैठकबाट प्राथमिकताक्रम निर्धारण गरी संघीय सरकारबाट प्राप्त हुने समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गर्न आवश्यक भएकोले आयोजना तथा कार्यक्रमहरुको लागत अनुमान/प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगमा आयोजना/कार्यक्रम माग गरी पठाउने ।

### तपसिल

| समपुरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाको विवरण | | |
|---|---|---|
| क.सं. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
| १ | लामाचौर माछापुच्छ्रे सडक वडा नं.१९ | |
| २ | वडा नं. १७ र २१ जोड्ने दोबिल्ला पुल | |

| | | |
|---|---|---|
| ३ | चौरासी नहर सिंचाई तथा बाढी व्यवस्थापन -वडा नं.२५ | |
| ४ | पामे वडहरे कृषि सडक हुँदै २४ नं. वडा कार्यालय -वडा नं.२४ | |
| ५ | खास्टे न्यूरेनी ताल व्यूटिफिकेशन -वडा नं. २६ | |

**विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाको विवरण**

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | कैफियत |
|---|---|---|
| १ | गण्डकी बहुप्राविधिक शिक्षालय | |
| २ | वडा नं. ९ पृथ्वीचोकमा Information center, Art Gallary, E-library सहितको पोखरा भवन | |
| ३ | मालेपाटन ढोडवेशि सिंचाई | |
| ४ | वडा नं. १८ मा वस्ति संरक्षण तथा पहिरो नियन्त्रण | |
| ५ | भरतपोखरी निर्मलपोखरी सहलगानी खानेपानी | |

**निर्णय नं. २४ :** नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको **स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) कार्यविधि, २०७७** अनुरुप आ.व. २०७९/८० को कार्यसम्पादन स्वमूल्यांकनमा ८५.५ अङ्क प्राप्त भएकोले उक्त मूल्यांकनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५ :** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० ले अधिकृत कर्मचारीको नियुक्ति, राजिनामा स्वीकृति र अवकाश पत्रको सम्बन्धमा कार्यपालिकाबाट निर्णय हुनुपर्ने र सहायक कर्मचारीको नियुक्ति, राजिनामा स्वीकृति र अवकाश पत्र दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरेकोमा अधिकृत कर्मचारीलाई नियुक्ति दिने, राजिनामा स्वीकृति गर्ने र अवकाश पत्र दिने सम्बन्धमा निर्णय गर्न कार्यपालिका बैठक बस्नुपर्ने अनिवार्य भएको अवस्था रहेको र एउटा मात्र प्रस्तावमा समयमै कार्यपालिका बैठक व्यवस्थापन गर्न नसकिएको अवस्थामा उल्लेखित कार्य अवरुध्द हुन जाने देखिंदा अधिकृत कर्मचारीको नियुक्ति, राजिनामा स्वीकृति र अवकाश पत्र दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने र लगतै बस्ने कार्यपालिका बैठकबाट निर्णय अनुमोदन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. २६ :** पोखरा महानगरपालिकामा कामकाज गर्ने गरी अन्य पालिका वा कार्यालयबाट काज सरुवा भई आउन महानगरपालिकाको सहमति पत्र माग गर्नेको संख्या दिनहुँ बढ्दो क्रममा रहेको छ । महानगरमा तलब भत्ता लगायतका आर्थिक दायित्व बढ्ने गरी काज सरुवा भई आउन खोज्ने प्रबृत्तिमा रोक लगाउन काज सरुवा सहमति दिने कार्य अर्को व्यवस्था नभएसम्मका लागि बन्द गर्ने ।

**निर्णय नं. २७ :** २४औं कार्यपालिका बैठकको निर्णय नं २८ बाट पोखरा महानगरपालिकाको वडा नं. ३२ लामेआहाल स्थित अस्थायी ल्याण्डफिल साईटमा फोहोरमैला पुर्ने प्रयोजनको लागि महानगरपालिकाबाट आव्हान

गरिएको बोलपत्र स्थानीय अवरोधका कारण ठेक्का सम्झौता नहुँदै रद्द गर्ने निर्णय भएकोमा ठेक्का रद्द भैसकेपछि सो क्षेत्रमा माटोले फोहोरमैला पुर्ने कार्यको लागि माटो निशुल्क खोजी कार्य भएको तर प्राप्त हुन नसकेको अवस्था रहेको छ । फोहोरमैला व्यवस्थापन प्रत्येक घर परिवार, उध्योग व्यवसाय, व्यक्ति, संस्थासंग प्रत्येक्षत जोडिएको जटिल विषय तथा संवेदनशील र अत्यावश्यकीय सेवा हो । यथासमयमा शहरभित्र उत्सर्जित फोहोरमैला संकलन, सुरक्षित ढुवानी र व्यवस्थापन हुन नसकेको अवस्थामा जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पर्न सक्ने देखिएकोले नयाँ ठेक्का बन्दोवस्तिका लागि वोलपत्र आव्हान गर्दा समय लाग्ने हुँदा यस पूर्व आव्हान गरिएको वोलपत्रहरुको मूलयांकनमा सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकित वोलपत्रदाता श्री शान्तिशर्न निर्माण सेवा पो.म.न.पा.-९ ले काम गर्न मञ्जुर गरेमा सोही फर्म/कम्पनीसंग सम्झौता गरी कार्य अघि बढाउने ।

**निर्णय नं. २८ :** पोखरा महानगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा हाल कार्यरत रहेका कर्मचारीहरु महानगरको दरबन्दी संरचनाभित्र नभएको कारण पारिश्रमिक भुक्तानीमा कठिनाई हुने एवं लेखा परीक्षणका क्रममा वेरितको भुक्तानी देखिने संभावना रहेको र यसबाट कर्मचारीको सेवा प्रवाहमा समेत असर पर्न जाने देखिएकोले स्वास्थ्य महाशाखाबाट प्राप्त महानगर अनतर्गत रहेका स्वास्थ्य संस्थाहरुको १२८ र २६ गरी जम्मा १५४ विभिन्न पद र तहका कर्मचारी दरबन्दी कायम गर्न नगरसभामा सिफारिश गरी पठाउने ।

**निर्णय नं. २९ :** पोखरा महानगरपालिका क्षेत्रभित्र संघीय सरकार, प्रदेश सरकार र महानगरपालिकाबाट विकास निर्माणका विभिन्न कार्यहरु हुँदै आएका छन् । यसरी सरकारका तीन तहबाटै कार्य गर्दा हुन सक्ने दोहोरोपना, स्थानीय अवरोध वा समस्या तथा आयोजनाको आवश्यकता र प्राथमिकता लगायतका विषयहरुमा छलफल तथा विचार विमर्श गरी समन्वयात्मक रुपमा विकास निर्माणका कार्य अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा महानगरपालिकाभित्र रहेका संघीय र प्रदेश सरकारका तपसिल बमोजिमका कार्यालयका प्रमुख/ प्रतिनिधि रहने गरी समिति गठन गर्ने ।

## <u>तपसिल</u>

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत पोखरा महानगरपालिका | -संयोजक |
| ख. संघीय सरकार तथा प्रदेश सरकारका सडक कार्यलय प्रमुखहरु | -सदस्य |
| ग. संघीय सरकार तथा प्रदेश सरकारका खानेपानी तथा सरसफाई कार्यलय प्रमुखहरु | -सदस्य |
| घ. विध्युत प्राधिकरण पोखरा कार्यलयका प्रमुख | -सदस्य |
| ङ. नेपाल टेलिकम पोखरा कार्यालयका प्रमुख | -सदस्य |

**निर्णय नं. ३० :** फेवाताल तथा यसको जलाधार क्षेत्र संरक्षण गरी तालको क्षेत्र अतिक्रमण हुनबाट रोक्ने विषय सरकारहरु वीचको अन्तरसम्बन्धित विषय हो । पछिल्लो समय विभिन्न बहानामा फेवातालको उत्तर-पश्चिममा रहेको सिमसार क्षेत्र पुर्ने र प्लटिङ गर्ने कार्य संगठित रुपमा हुने गरेको पाईएकोले महानगरबाट यसप्रकारको कार्य रोक्न प्रयास भैरहेको र प्रदेश तथा संघीय सरकार समेतको समन्वय र सहकार्यमा तालको सीमा

प्रमुख प्रशासकीय अधिकृत

अतिक्रमण नियन्त्रण, सिमासारक्षेत्रको स्पष्ट सिमांकन गर्न सजरुरी भैसकेको छ । फेवातालको उत्तर-पश्चिमका आसपासमा कतिपय कृषिक्षेत्र र कतिपय गैरकृषिक्षेत्रमा पर्ने सिमसार क्षेत्र रहको र यस सम्बन्धमा यस पूर्व श्री विश्वप्रकाश लामिछाने र श्री पुण्य प्रसाद पौडेल संयोजक रहनुभएका समितिहरुबाट पेश भएका प्रतिवेदनहरु समेत अध्ययन विश्लेषण गरी सिमसार क्षेत्रको स्पष्ट सिमांकनका लागि राय प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समिति गठन गर्ने ।

## तपसिल

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत, पोखरा महानगरपालिका | -संयोजक |
| ख. | प्रतिनिध, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पोखरा | -सदस्य |
| ग. | प्रतिनिधि, जिल्ला प्रशासन कार्यलय कास्की | -सदस्य |
| घ. | प्रमुख/प्रतिनिधि, मालपोत कार्यलय पोखरा | -सदस्य |
| ङ. | प्रमुख/प्रतिनिधि, नापी कार्यालय पोखरा | -सदस्य |
| च. | वडाध्यक्ष, सम्बन्धित वडाहरु | -सल्लाहकार |
| छ. | प्रशासन महाशाखा प्रमुख, पो.म.न.पा. | -सदस्य सचिव |

**निर्णय नं. ३१ :** गत वर्ष छपाई भई भुक्तानी बाँकी भएको कार्यालयको लोगो सहितको डायरीको रकम रु. ८४७००० (आठलाख सतचालिस हजार रुपैँया) चालु आ.व. भित्रको सम्बन्धित शिर्षकबाट भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत

# पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्वन्धि

# कार्यविधि,२०८०

पोखरा महानगरपालिका क्षेत्रभित्र निर्माण भएका, तला थप तथा अन्य भवनहरुको नियमित सम्पन्नताको प्रमाण–पत्र तथा अभिलेखिकरण प्रमाण–पत्र जारी गर्ने कार्यलाई सरल,व्यवस्थित र थप प्रभावकारी बनाउन नगर सभाबाट पारित भवन नियमित तथा अभिलेखिकरण सम्वन्धी, कार्यविधि २०८० बनाई जारी गरिएको छ।

## परिच्छेद –१

### १. प्रारम्भिक:-

१. संक्षिप्त नाम र प्रारम्भ :- (१) यस कार्यविधिको नाम "पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधी, २०८० रहेकोछ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखी लागु गरिनेछ।

### २. परिभाषा :-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "आवश्यक कागजात" भन्नाले भवन अभिलेखिकरण गर्न पेश गर्नुपर्ने भवन सम्वद्ध कागज प्रमाणलाई सम्झनुपर्दछ।

(ख) ebps भन्नाले अनलाइनको माध्यमबाट भवन निर्माण अनुमति दिने Electronic Building Permit System लाई सम्झनुपर्दछ।

(ग) "एकाघरको व्यक्ति" भन्नाले नक्सावालासँग एकासंगोलमा बस्ने परिवारका अन्य सदस्यलाई सम्झनु पर्दछ।

(घ) "डिजाइनर" भन्नाले पोखरा महानगरपालिकामा दर्ता भएका भवनको नक्सा डिजाइन गर्न सुचिकृत भई अनुमति प्राप्त डिजाइनर/कन्सल्टेन्टलाई सम्झनु पर्दछ।

(ङ) "तत्कालीन मापदण्ड" भन्नाले भवन निर्माण गर्न अनुमति लिएको मिति वा भवन निर्माण गरेको मितिमा लागू भएको भवन निर्माण सम्वन्धि मापदण्डलाई सम्झनुपर्दछ।

च) "भवन नियमित" भन्नाले आफ्नो हक भोग र स्वामित्वको जग्गामा नक्सा पास स्वीकृत लिई वा नलिई पनि तत्कालिन मापदण्ड पुरा गरि निर्माण भैसकेको भवनको नियमित गर्ने कार्य लाई सम्झनुपर्दछ।

छ) "भवन अभिलेखिकरण" भन्नाले आफ्नो हक भोग र स्वामित्वको जग्गामा निर्माण भैसकेको भवन बिना स्वीकृत वा स्वीकृत भन्दा अतिरिक्त संरचना निर्माण गरिएको वा भवनको केहि भाग तत्कालिन मापदण्डमा परेको भवनको अभिलेखिकरण गर्ने कार्य लाई सम्झनुपर्दछ।

(ज) "नगर कार्यपालिका" भन्नाले पोखरा महानगरपालिका, नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(झ) "घर नक्सा नियमित सम्पन्न प्रमाण पत्र" भन्नाले नक्सा पास प्रक्रियामा आएर वा नआई तत्कालिन मापदण्ड समेत पुरा गरि निर्माण भएको तर नक्सा पास प्रक्रिया रोकिएको वा सुरु नै नभएका घरहरुलाई जुन अबस्थामा छ सोहि अबस्था बाट नक्सा पास प्रक्रिया नियमित गरि घरधनीलाई प्रदान गरिने घर नक्सा नियमित सम्पन्न भएको प्रमाणित गर्ने प्रमाणपत्र लाई सम्झनुपर्दछ।

(ञ) "घर नक्सा अभिलेखिकरण प्रमाणपत्र" भन्नाले पोखरा महानगरपालिका भित्र नक्सा पास नगरी निर्माण भएका भवनहरु वा भवन निर्माण सम्बन्धि मापदण्ड पालना नगरी आफ्नो हकभोगको जग्गा भित्र निर्मित भवनहरुलाई महानगरले अभिलेखको लागि दर्ता गरि प्रदान गरिने घर नक्सा अभिलेखीकरण प्रमाणपत्र लाई सम्झनुपर्दछ।

(ट) "प्रारम्भिक प्राविधिक प्रतिवेदन" भन्नाले प्राविधिकबाट भवन निर्माण भएको स्थलको अवलोकन, नापजाँच गरी पेश गरेको स्केच वा लिखित व्यहोरा वा आवश्यकतानुसार दुवै प्रकृतिको विवरण उल्लेखित प्रतिवेदनलाई सम्झनुपर्दछ।

(ठ) "प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई सम्झनुपर्दछ।

(ड) "मापदण्ड" भन्नाले पोखरा महानगरपालिका भवन निर्माण सम्बन्धि तत्कालीन मापदण्ड सम्झनुपर्दछ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ण) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

(त) "वडा अध्यक्ष" भन्नाले सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(थ) "वडा समिति" भन्नाले सम्बन्धित वडाको वडा समितिलाई सम्झनु पर्दछ।

(द) "सभा" भन्नाले पोखरा महानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ध) "सर्जमिन" भन्नाले भवन निर्माण सम्बन्धमा सम्बन्धित जग्गा, बाटो, संधियार आदि विषयमा सम्बन्धित वडाका जनप्रतिनिधिको रोहवरमा कम्तीमा एक जना सँधियार समेत गरी ५ जना स्थानीयको स्पष्ट भनाइ समावेश गरी गरिएको कागज सम्झनु पर्दछ।

(न) "श्रेस्ता" भन्नाले भवन निर्माणसँग सम्बन्धित जग्गाको अभिलेखलाई सम्झनु पर्दछ।

(प) "संस्थागत भवन" भन्नाले नेपाल सरकार अन्तर्गत बिभिन्न सरकारी निकायमा दर्ता रहेका नाफा मुलक वा गैर नाफामुलक संस्था लाई सम्झनु पर्दछ।

(फ) "सरकारी भवन" भन्नाले नेपाल सरकार अन्तर्गतका निकायको नाममा दर्ता श्रेस्ता रहेको भवनलाई सम्झनु पर्दछ।

(ब) As Build Map भन्नाले अभिलेखिकरण प्रयोजनकालागि घर, सेप्टी टंकी,प्लान, ईलिभेसन, साईड प्लान र लोकेसन प्लान स्पष्ट देखिने सूचिकृत कन्सल्टेन्सी मार्फत निर्माण गरिने वा महानगरपालिकाले तोकेको अन्य प्राबिधिकबाट निर्माण हुने नक्सा सम्झनु पर्दछ।

(भ) नक्सा पास प्रकृयामा आएका भन्नाले कम्तिमा तत्कालिन अस्थायी इजाजत पत्र लिईसकेको लाइ सम्झनु पर्दछ।

## परिच्छेद –२

## भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी व्यवस्था

१) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि तयार पारिएको छ जसको अबधि २०८१ असार मसान्त सम्म रहनेछ ।

२) २०८० असार मसान्त सम्म निर्माण भैसकेका भवनहरुलाई मात्र भवन नियमित सम्पन्न प्रमाण पत्र वा अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ र सो पश्चात बिना स्वीकृत निर्माण भैरहेका भवनहरु सुरक्षा तथा नगर निरीक्षण शाखा मार्फत नियमित अनुगमन गरि वडा कार्यालय, टोल बिकास संस्था लगायत सरोकारवाला संगको समन्वयनमा त्यस्ता कार्यलाई तत्काल रोकिने छ ।

३) अभिलेखीकरण सम्बन्धि कार्य महानगरले शहरी बिकाश महाशाखा अन्तर्गत अगाडी बढाउने छ ।

४) निवेदन संकलन छुट भएका निवेदकहरुको निवेदन दिने समय यो कार्यविधिको अबधिभर रहनेछ ।

५) भवन नियमित सम्पन्न प्रमाणपत्र वा अभिलेखीकरण प्रमाण पत्र प्रदान गर्न अनुसूची १ बमोजिम हुनेछ ।

६) नक्सा पास प्रकियामा आएका तर नवीकरण अबधि समेत पुरा भैसकेका भवनहरुलाई सम्पन्न प्रमाण पत्र प्रदान गर्दा ebps system मा रहेका घरहरुलाई हालको राजस्व दरले राजस्व लिई सोहि बमोजिम सम्पन्न प्रमाण पत्र प्रदान गर्ने र तत्कालिन पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका हुँदा नक्सा पास किताब मार्फत सम्पन्न प्रमाणपत्र दिन बाँकी घरहरुको हकमा हालको राजस्व दरले राजस्व लिई तत्कालिन नक्सालाइ नै मान्यता दिई भवन नियमित सम्पन्न प्रमाण पत्र प्रदान गरिनेछ ।

७) हालको मापदण्ड(GCR,FAR,झ्याल, ढोका तथा संधियारा तर्फको setback बाहेक) समेत पुरा गरि आवस्यक रिपोर्ट (Structural Analysis Report, आवश्यक पर्ने भवनहरुमा Soil Test) समेत संग्लग्न राखी अभिलेखीकरण प्रकियामा आएका भवनहरुको हकमा हालको राजस्वको तिन गुणा राजस्व लिई भवन नियमित सम्पन्न प्रमाण पत्र प्रदान गरिनेछ ।

८) उपदफा (६) र उपदफा (७) मा नपर्ने तर आफ्नो हकभोगमा निर्माण भएका भवनहरुलाई अभिलेखीकरण प्रक्रिया मार्फत भवन अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ त्यस्ता भवनहरुको अभिलेखीकरण गर्दा निर्मित भवनको As Built Drawing तयार गरि उक्त नक्सामा हालको मापदण्ड (Setback बाहेक) मा पर्ने र नपर्ने क्षेत्रफल छुट्याउनु पर्नेछ । मापदण्डमा परेको भाग महानगरपालिकाले आबश्यक ठानेको समयमा बिना सर्त स्वमं घरधनीले भत्काउन मन्जुर रहेको जनप्रतिनिधिको रोहबरमा गरेको मन्जुरिनामा सहित आबस्यक कागजात तथा निबेदन पेश गरेमा अभिलेखीकरण प्रक्रिया अगाडी बढाइनेछ । यसरी अभिलेखीकरण अगाडी बढाउदा मापदण्डमा नपर्ने भागको मात्र राजस्व तेब्बर दरले लिइनेछ । यसरि अभिलेखीकरण गर्दा मापदण्डमा नपर्ने क्षेत्रफल कम्तिमा ५० प्रतिशत भन्दा बढी हुनुपर्नेछ । यसरी नियमित/अभिलेखीकरण गर्दा तत्कालिन समयमा सम्बन्धित निकायहरुबाट सिफारिस, स्वीकृति वा इजाजत लिंदा सडकको किनाराबाट छोड्नुपर्ने दुरी उल्लेख भएको पाइएमा उक्त छोड्नुपर्ने दुरीलाई setback सरह मानि अन्य प्रक्रिया अगाडी बढाइनेछ ।

९) नक्सा पास अबधि भित्र रहेका भवनहरु जसले स्वीकृत लिएको तर स्वीकृत क्षेत्रफल र तला संख्या भन्दा थप संरचना निर्माण गरि सम्पन्न प्रमाण पत्र समेत रोकिएका भवनहरुलाई थप भएको क्षेत्रफलको हालको राजस्व दरले तिन गुणा राजस्व लिई अभिलेखीकरण प्रक्रियामा आइसकेपछि पुर्व स्वीकृत क्षेत्रफल सम्म लाई पहिलेकै राजस्व र नक्सालाई मान्यता दिई ebps system मार्फत नै सम्पन्न प्रमाण पत्र र थप गरिएको संरचनालाई भवन नियमित सम्पन्न/अभिलेखीकरण प्रमाण पत्र तोकिएको मुकाम बाट प्रदान गरिनेछ ।

१०) नक्सा स्वीकृत लिएको तर नक्सा संशोधन गर्नुपर्ने भएको हकमा हालको नक्सा संशोधन गरि उपदफा (६) र उपदफा (७) बमोजिम भएका भवनहरुलाई भवन नियमित सम्पन्न प्रमाण पत्र प्रदान गरिनेछ तर उपदफा (६) र उपदफा (७) बमोजिम नभएका भवनहरुलाई भवन अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ ।

११) जग्गाको क्षेत्रफल न्युनतम ७० वर्गमिटर वा सो भन्दा कम क्षेत्रफलको जग्गामा निर्माण भएका भवनहरुलाई अधिकतम तिन तलासम्म मात्र घर नक्सा नियमित प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ ।

१२) आ.ब २०७४/०७५ भन्दा पहिले तत्कालिन गा.वि.स. हुँदा निर्माण भएका घरहरुको हकमा सो समयमा बनेका घरहरुको हालको राजस्व दरले राजस्व लिई अभिलेखीकरण गरे पनि हालको ब्यबस्था अनुसार ९"*९" र ९"*१२" पिल्लरको हकमा भुइँ तलाको अभिलेखीकरण प्रमाण पत्रको आधारमा माथी एक तला थप(जम्मा तला संख्या दुई) निर्माण गर्न नियमित नक्सापास इजाजत दिइने छ।

१३) मिति २०७१/०८/१६ गते पश्चात तत्कालिन पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिकामा गाभिएका गा.वि.स. र मिति २०७३/११/२७ गते तत्कालिन पोखरा लेखनाथ महानगरपालिका हाल पोखरा महानगरपालिकामा गाभिएका गा.वि.स.मा निर्मित भवनहरुको नियमित/अभिलेखीकरण गर्दा राजस्व एक गुणा हुनेछ। साविक पोखरा उपमहानगरपालिका मा आ.ब. २०५०/५१, साविक लेखनाथ नगरपालिकामा आ.ब. २०५८/०५९ र तत्कालिन गा.वि.स महानगर बने पश्चात आ.ब २०७४/०७५ भन्दा पछाडी नक्सा पास नगरी निर्माण गरिएका भवनहरु नियमित वा अभिलेखीकरण गर्दा हालको राजस्व दरले तिन गुणा राजस्व लिई भवन नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ।

१४) आर.सी.सी. फ्रेम स्ट्रक्चर र छाना जस्ता पाता उल्लेख गरि नक्सा पास सम्पन्न प्रमाणपत्र लिईसकेको, छाना परिवर्तनको इजाजत नलिई छाना ढलान गरि एक वा सो भन्दा थप तला निर्माण भएका भवनहरुको हकमा छाना परिवर्तन सम्म तला लाई एक गुना राजस्व लिई भवन नियमित सम्पन्न/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ। अन्य थप क्षेत्रफल र तलाहरुलाई तिन गुना राजस्व लिई भवन नियमित सम्पन्न/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ।

१५) RCC frame structure का निर्मित भवनहरूको जति निर्माण भएपनि पिल्लर को साइज ९"*९" र ९"*१२" का भवनहरू ३ तला सम्म र १२"*१२" का भवनहरु ५ तला सम्म नियमित/अभिलेखीकरण गरिनेछ सो भन्दा बढी निर्माण भएका भवनहरुलाई भवन नियमित सम्पन्न/अभिलेखीकरण प्रमाण पत्र प्रदान गर्दा retrofit गरि वा structural analysis मार्फत भवन सुरक्षित भएको प्राविधिक रिपोर्ट र प्राबिधिक प्रतिवद्धता पेश गरेको खण्डमा पेश भए बमोजिमको तला र क्षेत्रफलको माथि उल्लेखित उपदफामा रही भवन नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ।

१६) Metal Frame structure का भवनहरुको हकमा structural analysis report र डिजाइनर प्राबिधिकको प्रतिबद्धताको आधारमा अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ। अन्य अस्थायी वा load bearing भवनहरुलाई प्लिन्थ को क्षेत्रफल १००० वर्गफीट सम्म सोझै र प्लिन्थ को क्षेत्रफल १००० वर्ग फीट क्षेत्रफल भन्दा माथीका भवनहरुलाई structural analysis report संग्लग्न राखी नियमीत/अभिलेखीकरण प्रमाणपत्र प्रदान गरिनेछ।

१७) आफ्नो हक भोगमा रहेका ब्यबसायिक तथा सार्वजनिक भवनहरु (व्यापारिक भवनहरु, होटेल,रेस्टुरेन्ट, मल, डिपार्टमेन्टल स्टोर,बिद्यालय, पार्टी प्यालेस आदि) बाहेक संस्थागत भवन र सरकारी भवनहरु समेत माथि उल्लेखित उपदफा बमोजिम भवन नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिनेछ। नक्सा पास गरेको तर नक्सा पास अबधि पुरा भएका ब्यबसायिक तथा सार्वजनिक भवनहरुलाइ समेत माथि उल्लेखित उपदफा बमोजिम भवन नियमित सम्पन्न प्रमाण पत्र प्रदान गरिनेछ।

१८) साविक पोखरा उपमहानगरपालिका मा आ.ब. २०५०/५१, साविक लेखनाथ नगरपालिकामा आ.ब. २०५८/०५९ र साविक गा.वि.स. हरुमा आ.ब. २०७४/०७५ भन्दा पहिले लिएको स्वीकृत, इजाजत र सिफारिस लाई नै सोहि तला र क्षेत्रफल बराबरको सम्पन्न प्रमाण पत्र सरह मानिनेछ र त्यस्ता भवनहरुको अभिलेखीकरण गर्दा स्वीकृत क्षेत्रफल र तला सम्मको नक्सा पास दस्तुर छुट दिइ नक्सा स्वीकृत गरि हालको भवन नियमित सम्पन्न प्रमाण प्रदान गरिनेछ। त्यस्ता भवनहरुको नियमित सम्पन्न प्रमाण पत्र प्रदान गर्दा नक्सा पास किताब दस्तुर,वातावरण शुल्क र अन्य सिफारिस र मुचुल्का शुल्क भने नियमानुसार तिर्नुपर्नेछ।

१९) फेवाताल वरिपरिको क्षेत्रमा फेवातालको अधिकार क्षेत्र ६५ मिटर छाडि निर्माण भएका भवनहरुलाई फेवातालको रेखांकन पश्चात अभिलेखिकरण गरिनेछ।

२०) घर नक्सा नियमित/अभिलेखीकरण सम्बन्धि कार्य प्लिन्थको क्षेत्रफल १००० वर्ग फीट र ३ तला सम्म वडा कार्यालय मार्फत, प्लिन्थको क्षेत्रफल १००० वर्ग फीट देखि प्लिन्थको क्षेत्रफल ५००० वर्ग फीट र ५ तला सम्म घर नक्सा अभिलेखीकरणको लागि तोकिएको मुकाम मार्फत र प्लिन्थको क्षेत्रफल ५००० बर्ग फीट क्षेत्रफल र ५ तला भन्दा माथीका भवनहरुको घर नक्सा

नियमित वा अभिलेखीकरण गर्दा यो कार्यविधि र पोखरा महानगरपालिकाको प्राविधिक समितिको निर्णय र सिफारिस बमोजिम गरिनेछ ।

२१) घरधनी र कन्सल्टेन्सी दुवैको अनिवार्य उपस्थितिमा “As Build Drawing” र घर नक्सा नियमित/अभिलेखीकरण दरखास्त फाराम भरि स्थलगत निरीक्षणको लागि उपदफा (२०) बमोजिमको स्थानमा निवेदन पेश गरेपछि घरधनी,नक्सा बनाउने कन्सल्टेन्सी/फर्म/इन्जिनियर/सब इन्जिनियर र उपदफा(२०) अन्तरगतका सब इन्जिनियर/इन्जिनियरहरुले संयुक्त स्थलगत निरीक्षण गर्नुपर्नेछ स्थलगत निरीक्षण पश्चात सब इन्जिनियर/इन्जिनियरले घर नक्सा नियमित/अभिलेखीकरण गर्नको लागि पोखरा महानगरपालिकाको आर्थिक ऐन बमोजिम राजस्व हिसाब गरि राजस्व शाखामा पेश गर्नुपर्नेछ ।

२२) प्राविधिक प्रतिवेदन स्थलगत निरीक्षण गर्ने प्राविधिक ले भर्नुपर्नेछ तर नापी नक्सा र स्थलगत निरीक्षण गर्दा नक्सा र फिल्डमा फरक पर्न आएको देखिए वा जग्गा सम्बन्धि कुनै बादबिवाद आए महानगरको नापी शाखा वा वडा कार्यालयमा कार्यरत अमिन द्वारा अनुसूची-१ मा रहेको प्राविधिक प्रतिवेदन भरि स्केच समेत बनाइ पेश गर्नुपर्नेछ ।

२३) राजस्व तिरिसकेपछी घर नक्सा फाँटवाला मार्फत वडा कार्यालयले सात दिनको दावी बिरोध म्याद सुचना जारि गरिनेछ ।

२४) दर्ता भएको नक्शा सम्बन्धी कागजात प्रक्रिया अगाडी बढाउन सात दिनको दाबी बिरोधको सुचना नक्सा फायल कार्यालयको कर्मचारी वा सम्वन्धित नक्सावाला वा एकाघरको व्यक्ति मार्फत वडा कार्यालयमा पठाइनेछ । यसरी पठाइएको नक्सा फायल जसले बुझिलिएको हो सो व्यक्तिको रेकर्ड अध्यावधिक गरी राख्नुपर्नेछ । वडामा फायल प्राप्त भएको मितिले सात दिनभित्र निर्माण भएको भवनबाट संधियार कसैलाई मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खुलाई सुचनाको म्याद भित्र उजुर गर्न आउनु भनी सवै संधियारलाई सूचना दिनुपर्नेछ । यदि संधियार फेला नपरे वा म्याद बुझ्न नमाने त्यस्ता संधियारको घरदैलो, वडा कार्यालय र भवन निर्माण हुने ठाउँमा सवैले देख्ने गरी म्याद सूचना टाँस गर्नुपर्नेछ । म्याद सूचना टाँस गर्दा कम्तिमा एक जना सम्बन्धीत वडाको जनप्रतिनिधी सहीत कम्तीमा तिन जनाको रोहबरमा बस्नुपर्नेछ ।

२५) संधियारका नाममा सूचना जारी भएको मितिले सातौँ दिन भित्र संधियारको दावि/विरोध नपरेमा म्याद नाघेको तिन दिनभित्र कार्यालयले तोकेको कर्मचारी खटि स्थलगत जाँच सर्जमिन मूचुल्का गर्नुपर्नेछ । यसरी जाँच गर्दा दरखास्तमा उल्लेख भए बमोजिम भवन निर्माण भएको व्यहोरा स्पष्ट उल्लेख गर्नु पर्नेछ । यदि तोकिएको म्यादभित्र संधियारको उजुरीपरेमा उजुर परेको मितिले सात दिनभित्र उजुर सहितको नक्सा फायल महानगरपालिकामा पठाउनुपर्नेछ । उजुरी सम्बन्धमा भवन नियमित तथा अभिलेखिकरण गर्ने निर्णय भएमा भवन नियमित तथा अभिलेखिकरण प्रक्रिया जुन चरणमा स्थगित भएको छ सोही चरणबाट अघि बढ्नेछ । सर्जमिन मुचुल्का वडा अध्यक्ष वा तोकिएको वडा सदस्यको रोहवरमा गर्नुपर्नेछ ।

२६) उल्लेखित बुंदामा नसमेटिएका कार्यहरु घर नक्सा सम्बन्धि अन्य कानुन, ऐन नियम हरु नयाँ नक्सा पास अनुसारकै हुनेछ ।

२७) भवन नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्रदान गर्नको लागि अनुसूची-१ बमोजिमको दरखास्त फाराम(पुस्तिका)को व्यबस्था गरिनेछ ।

२८) महानगरपालिकाको सुचना अनुसार अभिलेखिकरण गर्न नआउने व्यक्ति वा संस्थालाई महानगरपालिकाबाट कुनैपनि सेवा सुविधा प्रदान गरिनेछैन ।

२९) घर नक्सा अभिलेखीकरण प्रमाण पत्र प्राप्त गर्ने घरधनी भूकम्प लगायतका प्राकृतिक प्रकोपहरुको जोखिममा हुने क्षतिको जवाफदेहि स्वयं हुनेछन ।

३०) घर नक्सा सम्बन्धि विभिन्न समयमा सम्मानित अदालतबाट भएका निर्णयहरु कार्यान्वयन गरि भवन नियमित/अभिलेखीकरण प्रक्रिया अगाडी बढाइने छ ।

३१) यो कार्यविधि अनुसार भवन नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र सम्बन्धि सम्पूर्ण कागजातहरुको डिजिटल अभिलेख गर्ने व्यवस्था गरिनेछ ।

३२) यस अघि तयार गरिएको पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्वन्धि कार्यविधि ,२०७६ अनुसार प्रदान गरिएका कागजातलाई यो कार्यविधि लागु भएपछी यहि कार्यविधि अनुसार मान्यता दिई पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्वन्धि कार्यविधि,२०८० राजपत्रमा प्रकासित भएपछी पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्वन्धि कार्यविधि,२०७६ खारेज हुनेछ ।

## परिच्छेद –३

## बाटो सम्बन्धि व्यवस्था

१) नापी नक्सा वा लगत कट्टा गरेको फिल्डको बाटो जनिएकोमा सो बमोजिम नै बाटो कायम हुनेछ । बाटोको अवस्था (लम्बाइ, चौडाई) नापी नक्सा वा फिल्डमा फरक परेमा नापी नक्सा बमोजिम गरिनेछ । प्रचलित मापदण्ड अनुसार फिल्डमा बाटो रहेको तर नापी नक्सामा सो बमोजिमको बाटो भएको नदेखिए बाटोमा प्रयोग भएको जग्गाको सम्बन्धित जग्गाधनीको उपस्थितिमा लिखित सहमती गराई वडा कार्यालयको सिफारीसमा फिल्डको बाटोलाई आधार मान्न सकिनेछ ।

२) निजी जग्गालाई बाटो देखाइ नियमित तथा अभिलेखिकरण गर्नुपर्ने भए सम्बधित जग्गाधनी वडा कार्यालयमा उपस्थित भईवडा अध्यक्ष वा निजले तोकेको सदस्यको रोहवरमा सनाखत भएको मन्जुरिनामा पेश गर्नुपर्नेछ । यसरी नापी नक्सामा बाटो नभएको तर फिल्डमा निजी जग्गाबाट बाटो देखाई नियमित तथा अभिलेखिकरण गर्नुपर्ने अवस्थामा स्थानीय साँध संधियार र जग्गाधनीको उपस्थितिमा सर्जमिन मुचुल्का गर्नुपर्नेछ ।

३) नापी नक्सामा बाटो नभएको तर राजिनामाको कागज, लालपूर्जा वा अन्य जग्गा सम्वन्धित कागजातहरुमा बाटो रहेको भए सो बाटोलाई साध सधियार र जग्गाधनिको उपस्थितीमा सरर्जमिन गरि सोको आधारमा नक्सापास गरिनेछ ।

४) पहाडी भेगका वडाहरुमा निर्मित भवनहरुको नियमित/ अभिलेखीकरण गर्ने कार्य गर्दा नापी नक्सामा बाटो नदेखिएको तर अघिदेखि चलन चल्तीमा घरमुनी/माथी बाट आवतजावत गर्ने बाटो रहेछ भने सो बाटोलाई आधार मानी नियमित वा अभिलेखिकरण गरिनेछ । अघिदेखि घरमुनी बाटो थियो/थिएन भन्ने विषयमा विवाद परेमा वडा कार्यालयको उपस्थितिमा सर्जमिन मुचुल्का गरी सर्जमिनमा उल्लेखित व्यहोरा बमोजिम वडा शिफारिश अनुसार गरिनेछ । तर बाटोको चौडाइ कम्तिमा १ मिटरको हुनुपर्नेछ ।

५) नापी नक्सामा सार्वजनिक, पर्ति, नदी उकास, गुठी आदि जनिएको वा कुनै व्यक्तिको हक भोग वा स्वामित्वमा नरहेको सार्वजनिक प्रकृतिको जग्गा देखिने तर फिल्डभा त्यस्ता जग्गा बाटोको रुपमा अघिदेखि प्रयोग गरिदै आएको, दुई वा दुईभन्दा बढी स्थानीय वासिन्दाहरु सो बाटो प्रयोग गरी आवतजावत गरिरहेको देखिए र सोही बाटोलाई देखाइ यसअघि यस कार्यालयबाट नक्सा समेत पास भइरहेको रहेछ भने वडा कार्यालयबाट स्थानीय वासिन्दाहरुको उपस्थितिमा सर्जमिन मुचुल्का गरी सर्जमिनबाट बाटो रहेको प्रमाणित भए त्यस्तो बाटोलाई सर्जमिन व्यहोरा, वडाको सिफारिस, यसअघि सोही चलनचल्तीको बाटोलाई देखाई अरु कोही कसैको नक्सापास गरेको प्रमाण कागज समेतको आधारमा त्यस्तो बाटो देखाई भवन नियमित वा अभिलेखिकरण गरिनेछ ।

६) नापी नक्सामा कुलो वा पानी लैजाने भाग देखिएको तर फिल्डमा बाटो निर्माण गरी अघिदेखि बाटोको रुपमा चलन चल्ती भई सोही बाटोलाई देखाइ यसअघि यस कार्यालयबाट नक्सापास समेत भएको रहेछ भने सर्जमिन मुचुल्का गरी वडाको सिफारिसको आधारमा राजकूलो, खोला, खोल्सा आदि जनाई सो बमोजिमकै मापदण्ड अनुरुप भवन नियमित वा अभिलेखिकरण गरिनेछ ।

७) बिगतमा नक्सा पास सम्बन्धि कार्य गरेको कुनै संधियारको प्रमाण पत्रको प्रतिलिपि वा माथि उल्लेखित बुँदा अनुसार बाटो देखाई आएमा भवन नियमित तथा अभिलेखिकरण हुनेछन ।

# पोखरा महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**पोखरा महानगरपालिका भवन नियमित तथा अभिलेखिकरण सम्वन्धि**

**कार्यविधि,२०८०**

**अनुसूची-१**

नक्सा बुक नं.

## नक्सा नियमित/अभिलेख दरखास्त फाराम)

जग्गाधनीको नाम/थरः ..........................................................................

सम्पर्क फोन नं.: ..........................................................................

प्रतिनिधिको नामः ..........................................................................

वडा नं.: ..........................................................................

टोल/मार्गः ..........................................................................

कित्ता नं. : ..........................................................................

क्षेत्रफल..........................................................................

घर: ..........................................................................

कम्प्युटर दर्ता नं. : ..........................................................................

दर्ता मिति : ..........................................................................

घर नक्सा र मिति : ..........................................................................

दर्ता नं.: ..........................................................................

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(भूकम्प सुरक्षा तथा घर नक्का महाशाखा)
## (घर नक्सा महाशाखा)

| |
|---|
| जग्गाधनीका नाम, ठेगाना: |
| नक्सा वालाको नाम, ठेगाना: |
| वडा नं.: ............... मार्गको नाम: ...................... कित्ता नं.: ........... क्षेत्रफल: ................. |
| कम्प्यूटर दर्ता नं.: दर्ता मिति: .......................... |
| वडामा दर्ता मिति: म्याद टाँस मिति: |
| सर्जमिन हुने मिति: |
| सर्जमिन भएको मिति: |
| वडा अभिलेखीकरण सिफारिस मिति/चं.नं.: |
| अस्थायी/स्थायी नक्सा पास भएको मिति: |
| विवरण: |
| स्थायी नक्सा स्वीकृति भएको मिति: |
| भवन नियमित तथा अभिलेखीकरण सम्पन्न जाँचको सम्पर्क मिति |
| भवन नियमित तथा अभिलेखीकरण सम्पन्न जाँचको मिति: |
| बाटोको केन्द्रबिन्दुबाट साविकमा छाड्नु पर्ने दुरी: |
| अन्य व्यहोरा केही भएमा: |
| |

## निर्माण भएको घरको घर नक्सा नियमित/अभिलेखीकरणका डिजाइनर द्वारा पेश प्रतिवेदन

१) जग्गाधनीको नाम/थर : ....................................................................................................

२) नक्सावालाको नाम : ........................................ ठेगाना : ........................ वडा नं. : .................

३) बन्ने घर जग्गा रहेको मार्ग : ....................................................................................................

४) हाल भैरहेको बाटोको चौडाई : ....................................................................................................

५) जग्गासँग जोडिएको बाटोको केन्द्रीय रेखाबाट :क) साविकमा छाड्नु पर्ने दुरी ......................................

ख) छाडेको दुरी ....................................................

६) सडकको हालको मापडण्ड क) छाड्नुपर्ने दुरी ................................................

७) कुला/नहरको च्नजत या धबथ ९च्इध० किनारबाट क) साविकमा छाडनुपर्ने दुरीः ......................................

ख) छाडेको दुरीः ................................................

८) भू-उपयोग क्षेत्रफल (Ground Coverage) ..................................%

९) पिल्लरको साइजः ....................................................................................................

१०) पिल्लरमा प्रयोग भएको रडको साइज/संख्याः ....................................................................................

११) अस्थायी/स्थायी पास भएको भएमा मितिः ......................................

१२) प्लीन्थको क्षेत्रफलः .....................................

१३) जम्मा क्षेत्रफल

१४) अन्य व्यहोराः ...........................................

# भवन नियमित तथा अभिलेखीकरण

# कार्यका लागि पेश गर्नु पर्ने कागजातहरु

| | | |
|---|---|---|
| १) | जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) को प्रतिलिपि | एक प्रति |
| २) | चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद वा तमसुकको प्रतिलिपि | एक प्रति |
| ३) | नागरिकता प्रमाणपत्रको प्रतिलिपि | एक प्रति |
| ४) | कित्ता नं. समेत प्रष्ट भएको नापी नक्साको सक्कल | एक प्रति |
| ५) | पास गरिने घरको नक्सा (निवेदक तथा डिजाइनको सही छाप, हस्ताक्षर समेत हुनुपर्ने) | दुई प्रति |
| ६) | डिजाइनर इजाजत पत्रको प्रतिलिपि (सरोकारवालाले प्रमाणित गरेको र नविकरण समेत भएको) | एक प्रति |
| ७) | मञ्जुरी लिई बनाएको भएमा | |
| | क) जग्गाधनीले मञ्जुरी दिएको मञ्जुरीनामा सक्कल (नक्सा शाखाको रोहवरमा सनाखत हुनुपर्नेछ) | एक प्रति |
| | ख) मञ्जुरी लिने व्यक्तिको नागरिकता प्रतिलिपि | एक प्रति |
| ८) | चारैतिरको Side बाट खिचिएको फोटो | एक प्रति |

पुनश्च:

- मञ्जुरीनामा र वारिसनामा पात्रको अक्षर र औंठाको छापा कालो मसीबाट नेपाली कागजमा नै पेश गर्नु पर्नेछ ।
- निवेदक मोही भएमा जग्गाधनी वा गुठीको संस्थागत निर्णयसहितको पत्र पेश गर्नु पर्नेछ ।
- नापी नक्सामा नदेखिएका तर फील्डमा देखिने बाटोहरुको सम्बन्धमा सम्बन्धित वडाबाट दिशा र चौडाई समेत खुलाइएको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

# नक्सा डिजाइनरले ध्यान दिनुपर्ने कुराहरु

## DRAWING DISCRIPTION

| | | |
|---|---|---|
| 1. Floor Plans | - | All Floors |
| 2. Elevations | - | Four sides with direction |
| 3. Cross Section | - | Highest Part in staircase portion |
| 4. Site Plan | - | With all diagonal lines |
| 5. Location Plan | - | With free hand sketch in North direction |
| 6. Opening Schedule Table | - | |
| 7. Name Tag | - | |
| 8. North | - | |

## DRAWING SCALE

| | | | |
|---|---|---|---|
| 1. Paper Sizes | - | A1 = 840x594 mm | |
| | | A2 = 594x420 mm | |
| | | A3 = 594x210 mm | |
| | | A4 = Only for correction | |
| 2. Scale Factor | - | 1" = 8"0" or 1"=4'0" | |
| 3. Site Plan Scale | - | Upto 1 Ropanis | - 1"=8'0" or 1:100 |
| | | - Upto 1 Ropanis | - 1'=16'0" or 1:200 |
| | | - More than 3 Ropanies | - 1"=32'0" or 1:400 |

## DRAWING STYLE

| | | |
|---|---|---|
| 1. In all Floor Plans | - | i. Element of Element |
| | | ii. Center to center |
| | | iii. Over all |
| | | iv. Iternal room size |

# नक्सा डिजाइनरले ध्यान दिनुपर्ने कुराहरु

१. उत्तर १ल्इच्त्ज० नापी दिशातर्फ नै हुनुपर्नेछ ।
२. क्षेत्रफल निकाल्न आवश्यक म्क्ष्न्इल्बि सहितको सम्पूर्ण नाम फुट/मिटर उल्लेख गर्नुपर्नेछ ।
३. ल्वक्तम्ल्न यरुक्षिम्क्ल्न भएमा सो को नाप फुट (PLINTH), COVERAGE, FLOOR AREA समेत उल्लेख गर्नुपर्नेछ ।
४. सेप्टीक ट्याङ्क र सकपीटका POSITION र DIMENSION समेत उल्लेख गर्नुपर्नेछ ।
५. RIGHT OF WAY LINE, SET BACK LINE, ROAD WIDTH र ROAD छेउबाट सिमानासम्मको दूरी तथा सिमानादेखि प्रस्तावित घर सम्मको दुरीको नाप समेत उल्लेख गर्नुपर्नेछ ।
६. PLINTH भन्दा बाहिर PROJECTION हुने भाग DOTTED LINE मा समेत उल्लेख गर्नु पर्नेछ ।
७. अभिलेखीकरणका लागि साविक सडक मापदण्ड भित्र घर पर्ने भएमा स्यततभम ष्लिभ द्वारा क्षेत्रफलसमेत छुट्टिने गरी देखाउनुपर्ने छ ।

पुनश्च

- उल्लेखित जग्गासम्म सजिलै पुग्न सक्ने गरी मूल सडकसम्मका LOCATION PLAN पेश गर्नुपर्नेछ ।
- अभिलेखीकरण कार्यविधि २०८० बमोजिम नक्सा तयार भएको हुनुपर्ने छ । अन्यथा नक्सा रद्द गर्न सकिनेछ ।
- मापदण्ड वा GUIDED LAND DEVELOPMENT (GLD) सम्बन्धी कुनै अष्पष्ट भएमा कार्यालयको नक्सा शाखामा सम्पर्क राखी नक्सा तयार गर्नुपर्नेछ ।
- डिजाइनर इजाजत पत्र प्रतिलिपि फाइलमा संलग्न गर्दा सम्बन्धित डिजाइनरले प्रमाणित गरिएको हुनुपर्नेछ ।

१. डिजाइनरले भवनसम्बन्धी अनिवार्य भर्नपर्ने

## घर नक्सा नियमित सम्पन्न प्रमाण पत्रको घरको विवरण

| क्र.सं. | तला | पूर्व स्वीकृति लिएको क्षेत्रफल | | | जम्मा नियमित गर्नुपर्ने क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सम्पन्न लिएको क्षेत्रफल | नियमित गर्नुपर्ने क्षेत्रफल | | |
| १ | भूमिगत/अर्धभूमिगत | | | | | |
| २ | भुईं तला | | | | | |
| ३ | पहिलो तला | | | | | |
| ४ | दोस्रो तला | | | | | |
| ५ | तेस्रो तला | | | | | |
| ६ | चौथो तला | | | | | |
| ७ | पाँचौं तला | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |

## घर नक्सा अभिलेखीकरण प्रमाण पत्रको घरको विवरण

| क्र.सं. | तला | जम्मा भवनले चर्चेको क्षेत्रफल | | | जम्मा अभिलेखीकरण गर्नुपर्ने क्षेत्रफल | कैफियत % |
|---|---|---|---|---|---|---|
| | | | मापदण्डमा पर्ने क्षेत्रफल | मापदण्डमा नपर्ने क्षेत्रफल | | |
| १ | भूमिगत/अर्धभूमिगत | | | | | |
| २ | भुईं तला | | | | | |
| ३ | पहिलो तला | | | | | |
| ४ | दोस्रो तला | | | | | |
| ५ | तेस्रो तला | | | | | |
| ६ | चौथो तला | | | | | |
| ७ | पाँचौं तला | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |

डिजाइनर (सुपरीवेक्षक) नामः ..........................................

डिजाइनरकोख फर्मको नामः ..............................................

पो.म.न.पा. इजाजत पत्र नं.: ........................................

सहीछापः ...........................................................

मितिः ..............................................................

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
न्यूरोड, कास्की, गण्डकी प्रदेश, नेपाल

नोटः बाटोको **चौडाई, घरको** नक्साको साईज (Built up area) र बाटोको **केन्द्रविन्दुबाट छाडेको** दुरीको स्केच अनिवार्य रुपमा देखाउनुपर्ने **छ साथै बाटोको सा**विक मापदण्ड भन्दा बढी बनेको भएमा सो समेत **ज्बतअज गरी नक्सामा** देखाउनु पर्नेछ ।

डिजाइनर/परामर्शदाताको नामः

सहीछापः

मितिः

# निर्माण भएको घरको फोटाहरु

पुर्व तर्फः

पश्चिम तर्फ

उत्तर

दक्षिण तर्फ

श्री पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पोखरा ।

मिति:....................

**विषय:** घर नक्सा नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरिदिनु हुन ।

उपरोक्त सम्वन्धमा मैले/हामीले तपशिलमा उल्लेखित जग्गामा देहाय बमोजिमको भवन नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्राप्त गर्नका लागि नक्सा सहितको दरखास्त फारम साथै जग्गाका हक पुगेको आवश्यक कागजात प्रमाण समेत राखी पेश गरेको छु/छौं । उक्त कार्यका लागि घरनक्सा नियमित सम्पन्न प्रमाण पत्र/अभिलेखीकरण प्रमाण पत्र प्रदान गरीदिनुहुन अनुरोध गर्दछु/छौं । यस दरखास्तमा लेखिएको व्यहोरा साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

तपसिल

१. जग्गाधनी नाम, थर:
वर्ष:
बाबु/पतिको नाम, थर:

२. जग्गाधनीको पेशा/व्यवसाय:

३. जग्गा भएको स्थान पोखरा महानगरपालिका वडा नं.:
हाल सर्भे कित्ता नं.:
क्षेत्रफल:
हालको वडा नं.
बाटो/मार्गको नाम:

४. जग्गामा हक पुगेको विवरण: पूस्तौनी/राजीनामा/बकसपत्र/गुठी

५. जग्गाको चार किल्ला विवरण: पूर्व: ............................. उत्तर: ..........................
पश्चिम: ......................... दक्षिण: .........................

६. घर नक्सा नियमित/अभिलेखीकरण किसिम:
क) पूरा घर अभिलेखीकरण ख) पुरा घर नक्सा नियमित ग)आंशिक नियमित/अभिलेखीकरण घ) अन्य

७. निर्माण अभिलेखिकरण विवरण:

| | | |
|---|---|---|
| क) लम्बाई फिट/मिटर: | च) ढोका संख्या: | ठ) सटर संख्या: |
| ख) चौडाई फिट/मिटर: | छ) कोठा संख्या: | ड) छाना: |
| ग) उचाई फिट/मिटर: | ज) झ्याल संख्या: | ढ) जोडाइ: |
| घ) तला संख्या: | झ) शौचालय बाथरुम: | ण) प्रयोजन: |
| ङ) भर्‍याङ नयाँ/पुरानो: | ञ) सोक्पीट/सेफटीक टङ्की: | त) भू-उपयोग प्रतिशत |

